# १४ किलोको मुला फलाउने कृषक सम्मानित

■ आर्थिक संवाददाता
दोलखा, माघ ४

जिल्लाको शैलुङ गाउँपालिकाले १४ किलोको मुला फलाउले एक कृषकलाई सम्मान गरेको छ । शैलुङ गाउँपालिका वडा नं १ दुधपोखरी, ठेकलाघ्युका कृषक पदमबहादुर घिसिङले १४ किलोको मुला फलाएका थिए ।

गाउँपालिकाले कृषकको सम्मान स्वरूप नगद सात हजार रूपैयाँ प्रदान गरेको गाउँपालिका अध्यक्ष भरत दुलालले बताए । गाउँपालिका अध्यक्ष दुलालले कृषक तामाङलाई पालिकामै बोलाएर सम्मान गरेका हुन् । कृषक तामाङ शैलुङ गाउँपालिकाका चर्चित आलुकृषक हुन् । कृषि उत्पादन गरी काठमाडौँन्मा सप्लाइ, तरकारी फलफूलको होलसेल र खुद्रा व्यापार गर्दै आएका तामाङले गत भदौमा बारीमा मुलाखेती लगाएका थिए । भदौमा लगाएको मुला पाँच महिनामा १४ केजी तौल भएको कृषक तामाङले बताए । कृषक तामाङले फलाएको उक्त मुलाको चौतर्फी चर्चा भएको गाउँपालिका अध्यक्ष दुलालले बताए । उनले आलुबारीमा तालान्के जातको मुला लगाएका थिए ।



# किबी उत्पादनमा वृद्धि

■ एलिना गुरुङ
सोलुखुम्बु, माघ ५



जिल्लामा किबी उत्पादनमा वृद्धि भएको छ । सोलुखुम्बुमा गत वर्षको तुलनामा यसवर्ष तीन मेट्रिकटनभन्दा बढी किबी उत्पादन भएको हो । गत वर्ष ६५ मेट्रिकटन किबी उत्पादन भएकोमा यसवर्ष बढेर ६८ मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्र सोलुखुम्बुले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी कुल बहादुर राईका अनुसार गत वर्षको तुलनामा उत्पादन दिने बोटको संख्या बढेसँगै उत्पादनमा पनि वृद्धि भएको हो । अधिकारी राईले भने, 'जिल्लामा पछिल्लो समय किबीखेती गर्ने किसानहरू बढ्दै छन्, तर रोपेको दुईदेखि तीन वर्षमा मात्रै उत्पादन दिन थाल्ने भएकाले उत्पादन क्षेत्र कम छ, केही वर्षभित्रमा ती सबै बोटले फल दिन थालेपछि उत्पादनमा भारी वृद्धि हुने निश्चित छ ।' सोलुखुम्बुमा हाल एक सय १५ हेक्टर क्षेत्रफलमा किबी खेती गरिँदै आएको छ । जसमध्ये हाल ११ हेक्टर क्षेत्रफलमा लगाइएको किबीले उत्पादन दिन थालेको ज्ञान केन्द्रका तथ्यांक छ । अघिल्लो वर्ष १० हेक्टर क्षेत्रफलमा लगाइएको किबीले उत्पादन दिएको भए पनि यस वर्ष बढेर ११ हेक्टर जमिनमा लगाइएको किबीले उत्पादन दिएको हो । उत्पादकत्व भने गत वर्षभन्दा केही घटेको केन्द्रका सूचना अधिकारी राईले बताए ।

'गत वर्ष प्रतिहेक्टर छ दशमलव ५० मेट्रिकटन उत्पादकत्व रहेकोमा यस वर्ष घटेर छ दशमलव १८ मेट्रिकटन पुग्यो । कतिपय पुराना बोटहरूले कम उत्पादन दिने भएकाले उत्पादकत्वमा केही गिरावट आएको हो', उनले भने ।

जिल्लाको नेचाबेतघारी, नेचाबतासे, सल्यान, तिङला, गार्मा, साल्मे, सल्लेरी, तामाखानी, बेनी, फाप्लु, टाक्सिन्दु, नेले, काँगेल, मुक्ली, जुबु, देउसा, काँकु, बासा, खरिखोला, बुङ, छेस्काम, गुदेल, सोताङ, चौलाखर्कलगातका क्षेत्रमा किबीखेती हुनेगरेको छ ।

# माघ १६ देखि २० गतेसम्म विद्यालयमा कोभिडविरुद्धको खोप अभियान

■ आर्थिक संवाददाता
काठमाडौं, माघ ४

सरकारले माघ १६ गतेदेखि २० गतेसम्म विद्यालयमा कोभिडविरूद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ । गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा मंगलबार गृह मन्त्रालयमा बसेको बैठकले उक्त निर्णय गरेको हो । कोभिड–१९ को फैलावटलाई रोक्न र कोभिडविरूद्धको खोप लगाउने कार्यलाई प्रभावकारी बनाउन सरोकारवाला मन्त्रालयका प्रतिनिधिहरूबीच गृह मन्त्रालयमा बैठक बसेको थियो ।



गृह मन्त्रालयका सचिव टेकनारायण पाण्डे, स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेल, नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा, सशस्त्र प्रहरी बलका महानिर्देशक शैलेन्द्र खनाल, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दिपेन्द्ररमण सिंह, शिक्षा मन्त्रालयका सहसचिव हरि लम्साल, पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेलगायत उपस्थित बैठकले विद्यालय माघ १६ गतेदेखि २० गतेसम्म कोभिडविरूद्धको खोप लगाउने प्रयोजनका लागि खोल्ने निर्णय गरेको गृहमन्त्रालयका विपत् व्यवस्थापन महाशाखा प्रमुख प्रदीप कोइरालाले जानकारी दिए । त्यो समयमा विद्यालयमा खोप अभियान नै चलाइने छ ।

'यही माघ १६ गतेदेखि २० गतेसम्म विद्यालय कोभिडविरूद्धको खोप लगाउने प्रयोजनका लागि खोल्ने निर्णय भएको छ । त्यो समयमा हामीले विद्यालयमा खोप अभियान चलाउने निर्णय गरेका छौँ,' सहसचिव कोइरालाले भने, 'हामीले निर्णय गरेका छौँ, सम्बन्धित मन्त्रालयले सूचना जारी गर्छन् र कार्यान्वयनमा जान्छ ।' त्यस्तै विश्वविद्यालयस्तरमा चलिरहेका र मिति निश्चित भएका परीक्षा स्वास्थ्य सुरक्षा सतर्कता अपनाएर सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ । कोभिड संक्रमण भएका विद्यार्थीलाई छुट्टै स्थानको व्यवस्था गरेर परीक्षा दिन पाउने व्यवस्था गर्न निर्देशन दिने निर्णय पनि बैठकले गरेको छ । त्यो सर्कुलर भने सम्बन्धित मन्त्रालयले विश्वविद्यालयहरूमा गर्नेछन् ।

बैठकमा कोरोना संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)ले गरेको सिफारिसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयलाई सिफारिस गर्न सहमति बनेको छ । सीसीएमसीले माघ ७ गतेबाट सार्वजनिक स्थानमा हिँडडुल गर्दा खोपकार्ड अनिवार्य बोक्नुपर्ने निर्णय गरेको छ । त्यस्तै बैठकले हवाइ जहाजमा यात्रा गर्नेहरूलाई टिकट काट्दा नै खोपकार्ड अनिवार्य देखाउनुपर्ने व्यवस्था गर्न भनेको छ । अनलाइन टिकट काट्नेले पनि कोभिडविरूद्ध खोप लगाएको कार्ड अनिवार्य अट्याच गर्ने व्यवस्था मिलाउन भनिने भएको छ । त्यस्तै बैठकले राष्ट्रिय परिचयपत्र र ई-पासपोर्ट बनाउन अत्यावश्यक काम परेकालाई बाहेक तत्कालका लागि स्थगन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय गरेको छ ।

'राष्ट्रिय परिचयपत्र र ई-पासपोर्ट बनाउने कार्य अत्यावश्यक परेकालाई बाहेक तत्कालका लागि स्थगत गर्न सम्बन्धित निकायलाई भन्ने निर्णय भएको छ', सहसचिव कोइरालाले भने ।

बैठकमा लक्षित वर्गलाई कोभिड–१९ विरूद्ध बुस्टर डोज कसरी पुर्‍याउने विषयमा पनि छलफल भएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीका अस्पतालबाट पनि सर्वसाधारणलाई कोभिडविरूद्धको खोप लगाउने व्यवस्था मिलाउने बैठकले निर्णय गरेको छ । यसैगरी विदेशबाट नेपाल भित्रिने नाकामा एन्टीजेन्ट परीक्षण गर्ने र खोप नलाएकालाई खोप लगाउने व्यवस्था गर्ने निर्णय भएको छ । नेपालमा रहेका विदेशी नागरिकलाई पनि खोप लगाउने व्यवस्था मिलाउन बैठकले निर्देशन दिएको छ । बैठकमा गृहमन्त्री खाणले कोभिड महामारी रोकथाम र नियन्त्रणमा सरकार गम्भीर र संवेदनशील रहेका बताए । कोभिडबाट नागरिकलाई बचाउने दायित्व सरकारको भएको भन्दै त्यसबारे संवेदनशील भएर काम गर्न गृहमन्त्री खाणले निर्देशन समेत दिए ।

# भीमदत्त नगरपालिकाद्वारा बाढीपीडितलाई प्याजका बेर्ना राहत !

■ धन बहादुर जप्रेल
कञ्चनपुर, माघ ४

भीमदत्त नगरपालिकाले पुस २९ गते सूचना जारी गर्दै बेमौसमी वर्षाबाट पीडित किसानलाई प्याजको बेर्ना बुझी लग्न आग्रह गर्‍यो । उक्त पत्रमा निःशुल्क प्याजका बेर्ना वितरण गरिने भन्दै महाकाली नदीको बाढीबाट पीडित भएकालाई बेर्ना लग्न आग्रह गरिएको थियो । त्यो सूचनाबारे थाहा पाएका किसान राहत पाउने आशमा प्याजका बेर्ना वितरण भइरहेको स्थानमा पुगे । त्यहाँ उनीहरूले अपेक्षा गरेअनुसारको राहत पाउन सकेनन् । चार ग्राम मात्रै प्याजको बेर्ना पाए ।

'प्याजको चार सय ग्राम बेर्ना दियो, त्यसमा ३०/४० बोट मात्रै होलान्,' भीमदत्त नगरपालिका–१३ का अमिर तिरूवाले भने, 'महाकालीको बाढीले १०/१२ कट्ठामा लगाएको धानबाली नष्ट गरेको थियो, राहतको नाममा प्याजका बेर्ना मात्रै दियो ।'

नगरपालिकाले राहतको नाममा वितरण गरेको प्याजको बेर्नाबारे भीमदत्त नगरपालिका- १३ का अध्यक्ष लालबहादुर शाहीले पनि असन्तुष्टि जनाएका छन् ।

'नगरपालिकाका कृषि प्राविधिकहरु प्याजका बेर्ना लिएर आएका थिए, उनीहरूलाई वडा कार्यालयबाट वितरण नगर्नुहोस् अन्तबाट वितरण गर्नुहोस् भनेका हौँ,' अध्यक्ष शाहीले भने, 'बाढीबाट किसानको धानबाली पूरै नष्ट भयो, किसानले तीन/चार कट्ठामा प्याज लगाएका छन्, त्यो चार सय ग्रामले के हुन्छ र ?' भीमदत्त नगरपालिका–१३ मा ९ सय किसान बाढीपीडित भएको उनी बताउँछन् । 'महाकाली नदीको पानी गाउँ पस्दा नौ सय परिवारले लगाएको धानबाली नष्ट भएको थियो,' उनले भने, 'क्षतिको विवरण नगरपालिकालाई बुझाएको थियौँ, प्याजका बेर्ना वितरण गर्ने नाममा नगरपालिकाले किसानलाई बेबकुफ बनाउने योजना गर्‍यो ।' प्याजका बेर्ना झलारीस्थित केदारकृषि वन नर्सरी स्रोत केन्द्रले दुई लाखमा नगरपालिकालाई उपलब्ध गराएको थियो । दुई हजार पाँच सय २८ कृषकलाई बेर्ना वितरण गर्ने नगरपालिकाको कार्यक्रम छ । असोज अन्तिम साता आएको वर्षाले भीमदत्त नगरपालिकाका ९, १०, ११, १२ र १३ नम्बर वडामा क्षति गरेको थियो ।


## Invitation for Bids

**Triveni Municipality**

**Office of Municipal Executive**

**Toli, Bajura**

**Sudurpashchim Province, Nepal**

Invitation for Bids for the **Toli purvuta chhatara road maintenance**

Contract Identification No: **04/TM/NCB/1S2E/2078/079**

**Date of publication: 2022 Jan 19**

1. ***Triveni Municipality Office Of Municipal Executive Toli, Bajura*** invites electronic bids from eligible bidders for the construction of **Toli Purvuta Chhatara Road Maintenanace** under National Competitive Bidding — Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 4,20,00,000.00***
   - Minimum Work experience of similar size and nature: ***(Construction of Two Road Project value 25600000]***
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Triveni Municipality Office Of Municipal Executive Toli, Bajura** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e- submission from PPMO"s e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project"s Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document (Nrs. 5000.00) in Bank:**
   **Name of the Bank:** Nepal Bank Limited Toli Branch Bajura
   **Name of Office :** Triveni Municipality Office Of Municipal Executive Toli
   **Bajura Office Account no.:** 26803000004001000001
5. electronic bids must be submitted to the office through PPMO"s e-GP system www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***18th Feb 2022*** Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***18th Feb 2021*** at the office of **Triveni Municipality Office Of Municipal Executive Toli, Bajura**. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **800000.00** which shall be valid for 30 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


# सुपारी र पोस्तादाना आयात भएपछि हुण्डीको कारोबारमा वृद्धि

■ आर्थिक संवाददाता
विराटनगर, माघ ४



सुपारी र पोस्तादाना आयात खुला भएपछि हुण्डीको कारोबारमा वृद्धि भएको पाइएको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कोटामार्फत सुपारी र पोस्तादानाको आयात खुलाएका थिए ।

सस्तोमा तेस्रो मुलुकबाट सुपारी र पोस्तादाना नेपाल आयात गरी व्यापारीहरूले भारतमा तस्करी गर्नेगरेका छन् । अवैध बाटो हुँदै भारतमा बिक्री गरेको सुपारी र पोस्तादानाको रकम नेपाल भित्र्याउन व्यवसायीले हुण्डीको साहारा लिनेगरेका छन् । राजधानीमा केही समयअघि सुपारी कारोबारी दिपक पोखरेल समेत सञ्चालक रहेको सौर्य एयरलाइन्सका कर्मचारी ५० लाख रूपैयाँसहित पक्राउ परेका थिए । उक्त रकम हुण्डीको भएको आशंका गरिए पनि राजस्व अनुसन्धान विभागमा एयरलाइन्सका सञ्चालक पोखरेलले एयरलाइन्सको टिकट बिक्रीबाट जम्मा भएको रकम भनी दाबी गरेका छन् । उक्त ५० लाखलाई वैधानिकता दिलाउन पोखरेलले विराटनगरमा रहेका सौर्य एयरलाइन्सका ट्राभल एजेन्सीलाई टिकट बिक्रीबाट ५० लाख प्राप्त भएको भन्ने व्यहोराको सिफारिस गर्न दबाब समेत दिइरहेका छन् । तर ट्राभल सञ्चालकहरूले भने पोखरेलको आग्रहलाई अस्वीकार गर्दै आएका छन् ।





अवैध भनी प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलबाट फेला पारेको उक्त रकम सुपारी र पोस्तादानाको अवैध बाटो हुँदै भारत निकासी गरेर बिक्री गरिएको हुण्डीबाट काठमाडौँ ल्याइएको स्रोतको दाबी छ । तेस्रो मुलुकबाट सुपारी आयात गरी नेपाली सुपारी बनाएर अवैधानिक रूपमा भारत पठाउन पल्केका व्यवसायीले सुपारी आयातको कोटा वितरण गरेसँगै अर्बौं रूपैयाँभन्दा बढी गैरबैंकिङ प्रणाली अर्थात् हुण्डीबाट भित्र्याउँदै आएका छन् । सुपारी व्यापारीहरूले



तीव्ररूपमा इण्डोनेसियाबाट सुपारी आयात गरी नेपाल भित्र्याउने र सरकारी अधिकारीसँगको मिलेमतोमा नै भारततर्फ तस्करी गर्नेगरेका छन् । मुलुकलाई आवश्यक नै नभएको सुपारी व्यवसायीले प्रतिटन एक हजार ५० डलर मूल्य देखाएर आयात गर्नेगरेका छन् । इण्डोनेसियामा उक्त सुपारीको मूल्य प्रतिटन न्यूनतम १५ सय डलरदेखि अधिकतम २५ सय डलरसम्म रहेको छ ।

सुपारी व्यवसायीले नेपाल भन्सारमा देखाएको मूल्यबराबरको रकम बैंकिङ प्रणालीबाट जाने गरेको भए पनि त्यति नै बराबरको रकम भने अवैध बाटो हुण्डीबाट विदेश जाने र उक्त फरक भएको रकम हुण्डीमार्फत नै नेपाल भित्रिने गरेको छ । यसरी फरक भएको रकमको अनुसन्धान तथा खोजी गर्ने सरकारका निकाय समेत त्यसबेला मौन बसेपछि पछिल्लो समय सरकार परिवर्तनसँगै सौर्य एयरलाइन्सको ५० लाख प्रकरण बाहिर आएको स्रोतको दाबी छ । विराटनगर पछिल्लो समय हुण्डी कारोबारीका लागि उद्गमस्थल नै बन्न पुगेको छ ।

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : कुपण्डोल, ललितपुर, फोन : ०१–५९०२१३६, फ्याक्स : ०१–५९०२१३९ E-mail : aarthik.dainik@gmail.com, मुद्रण : एक्सप्रेस कलर प्रेस, बुद्धनगर, सम्पादक : प्रल्हाद रिजाल